# घ्याङलेख गाउँपालिका
## ग्याङ་ལེཁ་ གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།
## गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।०८३ (प्रशासन)
चलानी नम्बर : ५९५

हायुटार, सिन्धुली
मिति : २०८२।०८।०७

**विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री शाखा प्रमुखज्यूहरु,
श्री वडा सचिवज्यूहरु,
श्री स्वास्थ्य चौकी/इकाई प्रमुखज्यूहरु,
श्री सम्पूर्ण कर्मचारीहरु,
घ्याङलेख गाउँपालिका, सिन्धुली।

प्रस्तुत विषयमा मिति २०८२।०७।२८ गते विविध विषयका लागि बसेको कर्मचारी बैठकको निर्णय प्रतिलिपि आवश्यक कार्यान्वयनको लागि यसै पत्रासाथ पठाईएको व्यहोरा अनुरोध छ।

08/06

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री प्रशासन शाखाः कार्यान्वयनको अनुगमन गरी मासिक विवरण पेश गर्नुहुन।

Inkjet & Copier Label ST-1 A4 199.6mm x 287.1mm x 1 Uday

# ध्याङ्लेख गाउँपालिका

# སྐྱང་ལེབ་ ག་ཨུྃ་པ་ལི་ཀ།།

## गाउँ कार्यपालिकाको कार्यालय

## कर्मचारी बैठक

### मिति २०८२ कातिक २८ गते

### बैठकका निर्णयहरु

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्न सबै शाखा प्रमुख, वडासचिव, स्वास्थ्य चौकीहरुलाई प्रमुख प्रशासकीय अधिकृतबाट ध्यानाकर्षण गराईयो । |
| २ | सबै कर्मचारीहरुले कार्यालय समयको पूर्ण पालना गर्ने र अनिवार्य रुपमा कार्यालय पोशाक र परिचयपत्र सहित कार्यालयमा उपस्थित हुने । |
| ३ | विदा स्वीकृत गराएर मात्र बिदामा बस्ने र आपतकालिन अवस्थामा कार्यालय प्रमुख र शाखा प्रमुखलाई जानकारी गराएर मात्र हिडने जानकारी विनाको विदाको तलब कट्टा हुने तथा कानून बमोजिम हुने । |
| ४ | वडा, स्वास्थ्य संस्था र शाखाले लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट खरिद आदेश भएपछि मात्रै सामान खरिद गर्ने प्राणाली Strongly लागु गर्ने । खरिद भएका सामाग्रि र गाउँपालिकाबाट र अन्य संघ संस्थाबाट प्राप्त सामान तथा नगदको आन्तरीक आम्दानी दाखिला गर्ने र हाल कार्यालयमा उपलब्ध सामानहरुको एकीन गरी विवरण चुस्त दुरुस्त र दाखिला बनाउने । |
| ५ | कार्यालयमा कार्यकक्ष व्यवस्थापन, कार्यालय परिसर व्यवस्थापन र सरसफाईमा ध्यान दिने । |
| ६ | कार्यालयको काममा बाहेक गाउँपालिकाको सवारी साधन प्रयोग नगर्ने र बिदाको समयमा पास लिएर मात्रै प्रयोग गर्ने अन्यथा कारवाही हुने तथा अपठ्यारी परिस्थितिमा स्वयम जिम्मेवार हुने । |
| ७ | GEN-Z को आन्दोलन र भावनालाई आत्मसाथ गरी सेवा प्रवाह र क्षमता विकासको सन्दर्भमा स्वयम रुपान्तरण हुने, कर्मचारीले आचारसंहिताको पालना गर्ने, नम्रभाव र मुस्कान सहितको सेवा प्रवाह गर्ने । |

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| ८ | सामाजिक संजालको प्रयोगमा सावधानी अपनाउने, स्टाटस र कमेन्ट गर्दा पदिय मर्यादा ख्याल गर्ने अन्यथा कानून बमोजिम कारबाहि हुने तथा कारबाहिको लागि सिफारिस गरेमा मञ्जुर हुने । |
| ९ | GEN-Z आन्दोलन पश्चात सार्वजिनक खर्च मितव्यितिता र खर्च कटौति सम्बन्धमा संघीय सरकारले गरेको निर्णय र खर्च कटौति सम्बन्धमा संघीय सरकारले गरेको निर्णय र परिपत्र अनुसार कार्यान्वयमा जान आर्थिक प्रशासन शाखासँग समन्वय गरी सबै शाखाहरुले खाका तयार गरी पेश गर्ने । |
| १० | सवारी साधन मर्मत तथा सवारीमा ईन्धन भर्नको लागि कार्यालय समय बाहेक पास । अनुमति लिएर मात्रै जाने । |
| ११ | LGPAS लाई आत्मसाथ गरी उच्चतम अंक प्राप्त गर्ने गरी प्रणाली विकास गर्न सबैले सहकार्य गर्ने । कार्यविधिले तोके बमोजिम गरिने छ । |
| १२ | गत आ व को बेरुजुको अन्तिम प्रतिवेदन अनुसार बेरुजुको अवस्था राम्रो रहेकाले सोही अनुसार थप राम्रो बनाउन सबै ईमान्दार र संवेदनशील बन्ने । |
| १३ | प्राविधिक शाखाहरुले Quantity Base मा भन्दा Quality Base मा रहेर मूल्याङ्कन गर्ने र सरोकारवाला उपभोक्ता र समुदायलाई Quality Base मा काम गर्न अभ्यस्त बनाउने र प्राविधिक मूल्याङ्कनबाट दिगो र गुणस्तरीय संरचना तोकिएकै समयमा निर्माणमा जोडबल गर्ने । |
| १४ | कार्यालयमा समन्वय सहजीकरण र सौहार्द वातावरण कायम गर्ने साथै पार्टीगत र व्यक्तिगत भन्दा संस्थागत भलो हुने व्यवहार र आचरण प्रस्तुत गर्ने । |
| १५ | अघिल्लो वर्षहरुमा नियमित मासिक प्रतिवेदनहरु सम्बन्धित कार्यालयहरुमा पठाउँदै आएको र हाल उक्त प्रतिवेदनहरु नपठाएको पाइएकाले पुन नियमित गर्ने । |
| | |